फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

कोशी प्रदेश, नेपाल

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

प.सं.:२०८३/०८४

च.नं.:

मिति: २०८३/०६/०६

विषय- नदीजन्य पदार्थको ठेक्का वन्दोवस्त सम्वन्धी बोलपत्र आह्वानको सूचना।

प्रथम पटक सूचना प्रकाशन मिति- २०८३/०६/७

फिदिम नगरपालिका क्षेत्र भित्रका संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित तपसिल बमोजिकम नदी,खोलाको नदीजन्य पदार्थ ढुंगा,गिटी, बालुवा र ग्राभेलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी र संस्था सम्वन्धित सबैमा जानकारीको लागि बोलपत्र आह्वानको २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | ठेक्काको नाम | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक मु अ.क. बाहेक | बोलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| PM/SSA/NCB/G/2083/084-04 | दहत्तर बहत्तर (ढुंग, गिटी,वालुवा र ग्राभेल) संकलन बिक्री शुल्क (तमोरनदी,हेवाखोला, फेमे खोला | बोलपत्र | ३४,०४,३३७।०८ | ३,०००।- | कवुल रकमको ५ प्रतिशत | २०८३ ठेक्का संझौता भएको मिति देखि २०८४ जेष्ठ मसान्तसम्म |

१. बोलपत्र फाराम रु. ३०००।– (अक्षरेपी तीन हजार रुपैयाँ मात्र) (फिर्ता नहुने ) फिदिम नगरपालिकाको आन्तरिक राजश्व खाता नं.०६७०३००००१००१००००१ जम्मा गरी प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण-पत्र लिएका फर्म ,कम्पनी, संस्थाले बोलपत्र खरिद गर्न आ.व. २०८२/०८३ सम्मको नविकरण भएको प्रमाण- **पत्र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण- पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी** सूचना प्रकाशन भएको मितिले २१औ दिनको कार्यालय समय भित्रमा फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ।

**गोविन्द प्रसाद भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल

४. यो सूचना प्रथम पटक प्रकाशन गरिएको मितिले २२ औं दिनको १२:००भित्र फिदिम नगरपालिकाको कार्यालय र जिल्ला प्रशासन कार्यालय पाँचथरमा बोलपत्र दाखिला गरिसक्नुपर्नेछ र वोलपत्र सोही दिनको २:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। सो समयमा बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन। बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा हुनेछ।

५. सिलवन्दी बोलपत्र फारामका साथ आफूले कबुल गरेको अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाना नं. ०६७०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा १२० दिन मान्य अवधि भएको बैक जमानत पेश गर्नुपर्नेछ।

६. बोलपत्र फाराम भर्दा फाराममा तोकिएको विषयहरु आफूले कवुल गरेको अंक र अक्षरमा समेत प्रष्ट लेखिएको हुनुपर्ने छ। कुनै व्यहोरा सच्चाएको ठाँउमा वोलपत्रदाताको दस्तखत भएको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनु गर्ने सम्पूर्ण कर ,दस्तुर, शुल्क आदि ठेकेदार आफैले वुझाउनु पर्नेछ।

८. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम वुझाउन वक्यौता रहेको फर्म /कम्पनी/ संस्थाहरुको बोलपत्र स्वीकृत हुनेछैन।

९. बोलपत्र स्वीकृत भएपछि कवुल रकम कम्तीमा दुई किस्तामा वुझाउनु पर्नेछ।

१०. नगरपालिकाले तोकेको जिल्ला दररेट भन्दा वढी ठेकेदारले शुल्क उठाउन पाउने छैन।

११. ठेक्का स्वीकृत पश्चात संझौताको लागि आफूले कवुल गरेको रकम बरावर नगदै यस कार्यालको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी भएको २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

गोविन्द प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

phidimmun.gov.np | ०२४-५२३१०७, ०२४-५२२१०७, ०२४-५२३... | phidim.municipality@gmail.co

फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

कोशी प्रदेश, नेपाल

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

१२. ठेकेदारले संझौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा दस प्रतिशत छुट दिन सकिनेछ।

१३. माथि उलेखित सिलवन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१४. यस सम्वन्धमा थप कुरा वुझ्न परेमा कार्यालयको मोवाईल नं. ९८५२६२३१११ मा सम्पर्क गर्न सक्नु हुनेछ।

१५. उल्लेखित ठेक्काको परिमाण र दर वीड डकुमेण्टमा संलग्न गरिएको छ।

१६.नदीजन्य पदार्थको संकलन क्षेत्र तमोर नदी वेदवोटे, हेवाखोला upstream,हेवाखोला downstream र फेमेखोलाघाट रहेको छ।

१७ . यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा फिदिम नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्यविधि, २०७८ र प्रचलित कानून बमोजिम हुनेछ।

.......................................

(गोविन्द प्रसाद भण्डारी)

प्रमुख प्रशासकीय अधिकृत

गोविन्द प्रसाद भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner